म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ४५ बिहीबार २७ भदौ २०८१ ने. सं. ११४४ ञलाथ्व 12 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

GRAND OPENING
PEAK ERKE
असोज १ गतेबाट हजुरहरुमाझ
Peak & Erke authorised showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

# बागमतीको योजना आयोग र खेलकुद परिषद्मा पदाधिकारी नियुक्त

## अन्य रिक्त पदमा नियुक्ति कहिले ?

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ बागमती प्रदेश सरकारले प्रदेश नीति तथा योजन आयोग र प्रदेश खेलकुद विकास परिषद्को रिक्त पदमा पदाधिकारी नियुक्त गरेको छ ।

प्रदेश नीति तथा योजन आयोगको उपाध्यक्षमा सिन्धुपाल्चोकका डा. गंगादत्त नेपाललाई नियुक्त गरेको छ । बुधवार बसेको मन्त्रिपरिषद् बैठकले डा. नेपाललाई आयोगको उपाध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए । नेपालले त्रिभुवन विश्वविद्यालयबाट जल र जलवायु परिवर्तनमा विद्यावारिधि हासिल गरेका छन् ।

उनीसँग लामो समय खानेपानी तथा सरसफाइ विभागमा रहेर काम गरेको अनुभव छ । उनले २१ वर्ष सरकारी सेवामा काम गरेका छन् । यस्तै, बागमती सरकारले प्रदेश योजना आयोगको चारजना सदस्यमध्ये दुई सदस्य नियुक्त गरेको छ । मन्त्री लामिछानेका अनुसार काभ्रेका गुणराज मोक्तान र काठमाडौंका दीपेन्द्र श्रेष्ठलाई सदस्यमा नियुक्त गरिएको हो । आयोगको बाँकी दुईजना सदस्य (महिलासहित) को नियुक्ति आगामी मन्त्रिपरिषद्ले गर्ने मन्त्री लामिछोने जानकारी दिए ।

बागमती प्रदेश सरकारले प्रदेश खेलकुद विकास परिषद् बागमतीको रिक्त सदस्यसचिवमा नुवाकोटका दीपक लामालाई नियुक्त गरेको छ । मन्त्रिपरिषद् बैठकले उसु खेलाडी लामालाई सदस्यसचिवमा नियुक्त गरिएको कानुनमन्त्री लामिछानेले जानकारी दिए । नुवाकोट बागमतीका मुख्यमन्त्री बहादुरसिं लामाको गृहजिल्ला पनि हो । यसअघिका सदस्य सचिव सूर्यलाल भण्डारीको असार २४ बाट कार्यकाल सकिएकाले यो पद रिक्त थियो ।

बागमतीमा युवा तथा खेलकुद मन्त्रालय भएपनि खेलकुद परिषद्को सदस्यसचिवको नियुक्ति सामाजिक विकास मन्त्रालयको सिफारिसमा खेलकुदमन्त्री मीनकृष्ण महर्जनको सहमतिबाट भएको छ । शालिकराम जम्कट्टेल नेतृत्वको अघिल्लो सरकारले सामाजिक विकास मन्त्रालय फुटाएर युवा तथा खेलकुद मन्त्रालय बनाएको थियो । तर, परिषद् सामाजिक मन्त्रालय मातहत नै रहेको छ ।



परिषद्को अध्यक्ष सामाजिक विकास मन्त्री हुने व्यवस्था छ । प्रदेश खेलकुद विकास ऐन २०७५ को दफा ३ को उपदफा २ (क) अनुसार परिषद्को अध्यक्ष सामाजिक विकासमन्त्री हुने भनिएको छ । जस कारण सामाजिक विकासमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद्बाट परिषद्को सदस्यसचिव नियुक्त गरिएको हो ।

खेलकुद मन्त्रालयको राय सहमति लिएरै सामीजक विकास मन्त्रालयको सिफारिसमा सदस्यसचिव नियुक्त गरिएको सरकारका प्रवक्ता लामिछानेले जानकारी दिए । खेलकुदमन्त्री महर्जनका अनुसार प्रदेश खेलकुद विकास ऐन संशोधनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ । मन्त्रिपरिषद्बाट कानुनी संशोधनको प्रस्ताव स्वीकृत गरेर प्रदेशसभामा लैजाने सहमति भएको मन्त्री लामिछानेले बताए । यस्तै, मन्त्रिपरिषद् बैठकले श्रम, रोजगार तथा यातायात मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयको दर बन्दी स्वीकृत भएको छ ।

### रिक्त अन्य पदमा नियुक्ति कहिले ?

बागमतीमा अधिकांश महत्वपूर्ण प्रादेशिक संरचना नेतृत्वविहीन रहेको अवस्थामा सरकारले पदाधिकारी नियुक्तिलाई प्राथमिकता दिएको छ । कांग्रेस-एमाले गठबन्धन सरकार बनेको करिब दुई महिना पुग्नै लाग्दा पदाधिकारी नियुक्त सुरु गरिएको छ । प्रदेश नीति तथा योजना आयोग, प्रदेश लोकसेवा आयोग, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश खेलकुद विकास परिषद् र प्रदेश दुग्ध विकास बोर्डमा कार्यकारी प्रमुखका पद रिक्त थियो । बुधवारको मन्त्रिपरिषद् बैठकले दुई निकायको नेतृत्व चयन गरेसँगै अन्य निकायमा पनि पदाधिकारी नियुक्तिको प्रक्रिया अगाडि बढेको सरकारका प्रवक्तासमेत रहेका कानुनमन्त्री लामिछानेले बताए ।

फागुनदेखि प्रदेश लोकसेवा आयोग पनि अध्यक्षविहीन छ । प्रदेश लोकसेवा आयोग ऐनमा आयोगको अध्यक्ष र सदस्य नियुक्त भएको मितिले ६ वर्ष पदावधि हुने व्यवस्था छ भने ऐनको दफा ६ को (ख) मा अध्यक्ष वा सदस्यको उमेर ६५ वर्ष पूरा भएमा पदबाट अवकाश हुने व्यवस्था गरिएको छ । आयोगका अध्यक्ष सुरेशमान श्रेष्ठले उमेरहदका कारण अवकाश लिएसँगै अध्यक्ष पद रिक्त भएको हो ।

गत वैशाख ६ देखि प्रदेश दुग्ध विकास बोर्ड नेतृत्वविहीन अवस्थामा छ । तत्कालीन उपाध्यक्ष टीकाबल्लभ सापकोटाको उपचारका क्रममा निधन भएपछि उक्त पद रिक्त भएको हो । २०७७ असोज २७ मा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले बोर्ड उपाध्यक्षमा सापकोटालाई नियुक्त गरेका थिए । ४ वर्षे कार्यकालका रहेको यो पदमा सापकोटाले पूरा अवधि काम गर्न पाएनन् ।

साउन १५ देखि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति पद रिक्त रहेको हो । प्रतिष्ठानको उपकुलपतिसहित रजिस्ट्रार र संयोजक पद रिक्त छ । २०७७ साउन १६ मा तत्कालीन मुख्यमन्त्री पौडेल नेतृत्वको सरकारले प्रतिष्ठानको उपकुलपतिमा डा. विश्वराज जोशीलाई नियुक्त गरेका थियो । ४ वर्षे कार्यकाल पूरा गरी डा. जोशी गत साउन १५ मा बिदा भइसकेका छन् । उनीसँगै भदौ १४ मा प्रतिष्ठानका रजिस्ट्रार राजेश प्रसाईं र संयोजक चिरञ्जीवी चुँडाल पनि कार्यकाल पूरा गरी बिदा भइसकेका छन् ।

उपकुलपति नहुँदा नीतिगत निर्णय तथा अन्य महत्वपूर्ण कार्य प्रभावित भएको छ भने रजिस्ट्रार र संयोजक नहुँदा प्रशासनिक तथा व्यवस्थापकीय कार्य प्रभावित भएको छ । अस्पताल व्यवस्थापन, नयाँ कार्यक्रमलगायतका विषय पनि प्रभावित भएको छ । कानुनमन्त्री लामिछानेले आगामी मन्त्रिपरिषलद् बैठकले रिक्त पदमा पदाधिकारी नियुक्त गर्ने बताएका छन् ।

# आत्महत्याविरुद्ध सचेतना कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/थाहा नगरपालिकाको दुई स्थानमा आत्महत्या रोकथामसम्बन्धी सचेतना कार्यक्रम गरिएको छ । आत्महत्या रोकथाम सम्बन्धी दिवसका अवसरमा २५ भदौमा थाहा नगरपालिकाको स्वास्थ्य शाखाको आयोजना तथा सुरक्षित आप्रवासन कार्यक्रम(सामी)कार्यक्रमको सहकार्यमा नगरपालिकाको सेतीगणेश आधारभूत विद्यालय र किटेनीको रुप्से किटेनी टोल विकास संस्था थाहा-४ मा चेतनामुलक कार्यक्रम गरिएको हो ।

'आत्महत्या रोकथामबारे संवाद सुरु गरौ: दृष्टिकोण बदलौ' भन्ने नाराका साथ विश्व आत्महत्या रोकथाम दिवस-२०२४ मनाइएको छ । दुवै स्थानमा भएको सचेतता कार्यक्रममा सामीका मेलिना खत्री र सुनिता बस्नेतले सहजीकरण गरेका थिए । सहभागीलाई सामाजिक सञ्जालको दुरुपयोग, बेरोजगारी र मानसिक समस्याका कारण आतमहत्याका घटना बढ्दै गएका बताएका छन् । ईलाका प्रहरी कार्यालय पालुङको तथ्यांक अनुसार आर्थिक बर्ष २०८०/८१ मा नगर पालिका क्षेत्रभित्र ११ जनाले आत्महत्या गरेका थिए । आत्महत्याको विषयमा जनचेतना जगाउने अवसरको रुपमा हरेक वर्ष सेटेम्बर १० मा विश्व आत्महत्या रोकथाम दिवस मनाइन्छ ।

# हेटौंडा-४ नम्बर वडालाई बालमैत्री वडा घोषणा गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/हेटौंडा उपमहानगरपालिका वडा नम्वर ४ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ । वडा कार्यालयले बुधबार पत्रकार सम्मेलनको आयोजना गरी विभिन्न सूचक पूरा गरेसँगै यही भदौ २८ गते शुक्रबार वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारी गरेको जानकारी दिएको हो ।



५१ मध्ये २ बटा सूचक भने १५ प्रतिशत मात्रै नतिजा हासिल भएको जनाइएको छ । बालमैत्री स्थानीय शासनयुक्त बडा घोषणा समारोहकैबीच तेस्रो बृहत् शैक्षिक प्रदर्शनी तथा साँस्कृतिक कार्यक्रमको पनि आयोजना गरिएको वडाले जनाएको छ । घरधुरी तथ्यांक संकलन सर्वेक्षण, २०७९ अनुसार यस वडामा १४ हजार ७३५ जनसंख्या रहेको छ । १८ वर्षमुनिका बालबालिकाको जनसंख्या ४ हजार २७० छन् । वडामा सामुदायिक र संस्थागत गरी ८ वटा विद्यालय सञ्चालनमा रहेका छन् ।

समुदायस्तरमा र विद्यालय स्तरमा गरी २० वटा बालसमूहलाई क्रियाशील बनाइएको छ । समारोह सम्पन्न गर्न करिब ८ लाख खर्च हुने अनुमान वडाले गरेको छ । 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने नाराको साथ वडालाई बालमैत्री वडा घोषणा गर्न लागिएको हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलले जानकारी दिए ।

स्थानीय सामुदायिक एवम् संस्थागत विद्यालयका विद्यार्थी, विभिन्न टोलविकास संस्थाका सदस्य, विभिन्न संघ-संस्थाको प्रतिनिधिको सहभागितामा प्रभातफेरीसहित औपचारिक कार्यक्रम हुने वडाध्यक्ष सिग्देलले बताए । वडासदस्य गीता त्रिपाठीले सोही दिन वडालाई बृहत् शैक्षिक प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रमको समेत आयोजना गरिने जानकारी दिइन् ।

१९ वटा वडा रहेको हेटौंडा उपमहानगरमा पछिल्लो समयमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा हुने क्रम बढ्दो छ । यसअघि हेटौंडा-२, ७, ८, १७ र १० नम्वर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भइसकेको छ । बालमैत्री वडा घोषणा हुने क्रममा रहेको वडा नम्बर ४ हेटौंडा नगरमा छैठौं बालमैत्री वडा घोषणा हुनेछ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

HetaudaCityCollege.edu.np
ADMISSION OPEN

" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE (Affiliated to TU)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# विशेष नगरसभाको उपलब्धी के हुने ?

हेटौंडा उपमहानगरले बृद्धि गरेको कर समायोजनको लागि माग गरिएको विशेष नगरसभा शुक्रबार मध्यान्ह २ बजे बोलाइएको छ । करिब एक साता अघि बिशेष नगसभाको मिति तोक्न बोलाइएको बैठक बहिस्कार भएको र कर घटाउन मिल्ने वा नमिल्ने भन्ने विषयमा छलफल नै नगरी भदौ २८ गते शुक्रबार नगरसभा बोलाइएको हो । प्रदेशसभा भवन निर्माण गर्ने भनेर सुरु गरिएको सभाहलमा नै नगरसभा हुने भएको छ । यो सभाहलमा पहिलोपटक नगरसभा बस्दैछ । ७ असार २०८१ मा सम्पन्न १५ औं नगर सभाबाट वृद्धि गरिएको राजश्व समायोजन गर्न मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघलगायतका वस्तुगत संघहरु, जिल्ला सहकारी संघसमेत साउनको अन्तिममा आन्दोलित बनेका थिए । आन्दोलनका कारण ३२ साउनमा उपमहानगरपालिका कार्यालयमा व्यवसायीका माग सम्बोधन गर्ने प्रतिबद्धतासहित ८ बुँदामा उपमहानगरले लिखित सहमति गरेको थियो । शुक्रबारका लागि आब्हान गरिएको बिशेष नगरसभामा पेश गर्ने प्रस्तावहरु तयार गर्न ५ सदसीय कार्यदल पनि बनाइएको छ ।

कर समायोजन गर्ने प्रस्ताव बिशेष नगरसभामा जानुपूर्व बिभिन्न विषयगत समितिहरुमा छलफल भएर राजश्व परामर्श समिति हुँदै जानु पर्ने हुन्छ । तर, चौतर्फी अन्यौलताबीचमै नगरसभा बोलाइएको छ । विषयगत समितिमा छलफल भएर राजश्व परामर्श समितिमा एजेण्डा आइपुग्दा करिव १ महिना समय लाग्ने बताइएको छ । नगरसभाको मिति तोक्ने विषयमा नै सहमति हुन नसकेको अवस्थामा बिशेष नगरसभा बोलाइएकोले कर घटाउने वा नघटाउने भनेर पर्याप्त छलफल गरिएको छैन । ब्यवसायीको माग पूर्णरुपमा सम्बोधन हुने सम्भावना देखिएको छैन । यसअघि बृद्धि भएको कर को दर साविकमा नल्याए ब्यवसायीले पुन आन्दोलनमा जाने तयारी गरेको उवासंघले बताएको छ । कर घटेन भने नगरले ब्यवसायीसँग गरेको सम्झौता कार्यान्वयन गरिएन भने पुन: बजार बन्दगरी आन्दोलन गरिने संघले बताएको छ । पूर्वसहमतिअनुसार मकवानपुर उद्योग वाणिज्य संघलगायतका व्यवसायिक संघसंस्थाले उठाएका विषयमा बिशेष नगरसभाबाट सम्बोधन गर्ने प्रतिबद्धता उपमहानगरले गरेको थियो । व्यवसायीसँगको सहमति अगाडि उपमहानगर पालिकाले करको दर हेरफेर गर्न नसक्ने प्रष्ट पारेको थियो । तर, ३० साउनमा नेकपा एमालेका बहुमत नगरपरिषद् सदस्यले नगरप्रमुख लामासमक्ष विशेष नगरसभाको माग गरेपछि उपमहानगरपालिका व्यवसायीसँग सहमति गर्न बाध्य भएको हो । नगरपरिषद्को बहुमत सदस्यले माग गरेपछि कानुनत: ३० दिनभित्र विशेष नगरसभा बोलाउनु पर्नेहुन्छ । ३० भदौभित्र विशेष नगर सभा बोलाउनु पर्ने दबावमा रहेको बताइएको छ ।

करको विषयलाई राजनीतिक मुद्दा बनाएकोले यसमा नेपाली कांग्रेसका वडाअध्यक्षहरुले सुरुदेखि नै बिमति राखेका छन् । करको विषयलाई राजनीति नगरी समस्याको हल गनुपर्छ भन्ने पक्षमा आवश्यक छलफल गरेर मात्रै अगाडि बढ्ने बताएको कांग्रेसका वडाअध्यक्षहरुले पर्याप्त छलफलको मौका नपाएको बताएको छन् । व्यवसायीले उपमहानगरसँग सबै शीर्षकमा वृद्धि गरिएको कर सतप्रतिशत फिर्ता गरी पुरानै दर कायम गरिनु पर्ने, अवैज्ञानिक विज्ञापन कर खारेज गरिनु पर्ने, उपभोक्त समितिमार्फत हुने सबै प्रकारको विकास निर्माणको काम निर्माण व्यवसायीमार्फत गरिनुपर्ने, होटल व्यवसाय रातको १२ वजेसम्म सेवा संचालनको प्रत्याभूत गरिनु पर्ने तथा पुन वैज्ञानिक वर्गीकरण गरिनु पर्ने, निर्माण व्यवसायीले विभिन्न समयमा काम गरी भुक्तान गरि सकिएको भ्याट रकम पुन: शीर्षक परिवर्तन गरी वक्यौता देखाइएको उपमहानगरको गल्ती तत्काल सच्याउनु पर्ने, घरबहाल कर वर्गिकरण गरी घरधनी स्वयमले भुक्तान गर्ने व्यवस्था मिलाउनु पर्ने माग राखेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र २८ गते शुक्रबार १३ सेप्टेम्बर २०२४ । दशमी, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४८, सूर्यास्त ६:०९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : नचिताएको काम सम्पन्न हुनेछ | **तुला** | : यात्राबाट नोक्सान हुनेछ |
| **वृष** | : मिहिनेतको फल मिल्नेछ | **वृश्चिक** | : घाउचोट लाग्न सक्नेछ |
| **मिथुन** | : स्वास्थ्यमा खराबी आउनेछ | **धनु** | : जग्गा जमिनबाट लाभ हुनेछ |
| **कर्कट** | : शुभ कामको संकेत मिल्नेछ | **मकर** | : सोचेभन्दा बढी खर्च हुनेछ |
| **सिंह** | : शरीरमा केही आलश्य हुनेछ | **कुम्भ** | : मित्रतामा कमी आउनेछ |
| **कन्या** | : सफलता मिल्न गाह्रो छ | **मीन** | : कामको जिम्मेवारी बढ्नेछ |

# संकटोन्मुख कृषि क्षेत्र : आन्तरिक सुरक्षा र बाह्य चुनौती



✍ विष्णुराज उप्रेती

नेपालको कृषि क्षेत्र (मन्त्रालय, विश्वविद्यालय, अनुसन्धान, बजार, उत्पादन सबैलाई यहाँ कृषि क्षेत्र भनिएको छ) दिन प्रति दिन गहिरो संकट उन्मुख अवस्थातिर जाँदैछ । जुन राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितको दृष्टिकोणबाट समेत अत्यन्त जोखिमपूर्ण विषय हो । कृषि क्षेत्र दिन प्रति दिन जोखिमपूर्ण हुँदैछ भन्ने निचोडमा पुग्ने आधारहरूमा यो पंक्तिकारले नीति अनुसन्धान प्रतिष्ठानमा रहँदा नेपालको कृषि नीति किन असफल भयो भन्ने बारेमा आयोजना गरेका विभिन्न छलफल, अन्तरक्रिया र अनुसन्धानको निचोड हो ।'

सँगै कृषि क्षेत्रमा संलग्न नीतिनिर्माता, राजनीतिक निर्णयकर्ता, विज्ञ, कृषि व्यवसायी, कृषक, कृषि व्यापारीसँगको लामो छलफलको सारांश र नेपालको कृषि क्षेत्रमा देखिएका समस्या बारेका दर्जनौं अनुसन्धान प्रतिवेदनहरूको सूक्ष्म समीक्षा पनि हो । कृषि क्षेत्रको योगदान घट्दो छ । आजभन्दा ५० वर्ष अगाडि धान चामल निर्यात कम्पनी नै खोलेर बंगलादेश र दक्षिण एशियामा धान चामल निर्यात गर्ने देश अहिले आएर किन धान चामल आयातमा भर पर्नुपर्ने अवस्थामा पुग्यो ? किन राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रले अपेक्षित योगदान दिन सकेन, लगातार घट्दै गयो ? कृषिमा आश्रित जनसंख्या घटाउने र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण गरी उत्पादकत्व बढाई राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा महत्वपूर्ण योगदान दिनु कृषि क्षेत्रको आवश्यकता हो । तर किन यसो हुन सकेन ?

कृषि क्षेत्रमा देखिएको गहिरो संकटकै कारणले नेपाल यस्तो अवस्थामा आइपुगेको हो । त्यसैले संकटोन्मुख कृषि क्षेत्रलाई कसरी संकटमोचन गर्न सकिन्छ, यसको लागि क-कसले कसरी-कसरी र किन के-के गर्नुपर्दछ भन्ने बारेमा राष्ट्रिय बहसको आवश्यकता छ । यो बहस कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा, संसद्मा, सरकारका मन्त्रालय र निकायहरूमा, राजनीतिक दलहरूमा, प्राज्ञिक क्षेत्रमा, निजी क्षेत्रमा, व्यवसायी, किसान र नागरिक तहमा समेत व्यापक बनाई राष्ट्रिय सहमति निर्माण गरेर यो क्षेत्रको आधारभूत रूपान्तरण गर्न आवश्यक छ ।

**कृषि क्षेत्र : किन भयो संकट उन्मुख ?**

(क) क्षेत्रीय र भूराजनीतिको प्रभाव : अहिले विश्वमा र खासगरी दक्षिण एशियामा बढ्दै गएको भूराजनीतिक स्वार्थले नेपालको कृषि क्षेत्रलाई नकारात्मक असर पारिरहेको छ । खासगरी भारतले नेपालको कृषि क्षेत्रलाई आफ्नो भूराजनीतिक स्वार्थ पूरा गर्ने सहज र सशक्त माध्यमको रूपमा प्रयोग गरिरहेको छ । भारतीय भन्सार नाकाहरूमा नेपाली कृषि निर्यातका सामग्रीहरू प्रतिको अवरोध (क्वारेन्टाइन र फाइटो सेनेटरी सवालको मनपरी प्रयोग), भारतको कृषि क्षेत्रले पाएको संरक्षणको र सोको कारण नेपाली कृषि उत्पादनले भारतसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्थाको उपयोग गरी उसले नेपालको कृषि बजारमाथि जमाएको प्रत्यक्ष र परोक्ष प्रभावले नेपालको कृषि क्षेत्रमा कालो बादल मडारिएको छ । उता चीनले कृषि प्रविधि विकासमा गरेको असाधारण प्रगति र यसको दक्षिण एशियामा हुने प्रयोगबाट नेपाल अछुतो छैन । चिनियाँ अलैंचीको नेपाल प्रवेश यसको ज्वलन्त उदाहरण हो । नेपाललाई आफ्नो प्रभावमा राख्ने सबैभन्दा सजिलो उपाय खाद्यान्नमा आफूमाथि निर्भर बनाइराख्नु हो । खाद्यान्नमा परनिर्भर भएको देशको राष्ट्रिय सुरक्षा, राजनीतिक स्थायित्व र सामाजिक सद्भाव सदा खतरामा रहन्छ ।

साथै विश्व शक्ति संघर्षको केन्द्रबिन्दु चीन सहितको दक्षिण एशिया बनिरहेको परिवेश र भारत र चीन जस्ता ध्रुवीकृत विश्वका पक्ष-विपक्षका खेलाडी देशहरू बीच रहेको नेपालको भौगोलिक अवस्थिति टाढा रहेका विश्वशक्ति राष्ट्रहरू (अमेरिका, बेलायत, जापान, अष्ट्रेलिया, युरोपेली आयोगका सदस्य देशहरू) को भारत र चीन केन्द्रित चलखेलको लागि पनि सबैभन्दा उपयुक्त भएकोले उनीहरूको पनि अप्रत्यक्ष रणनीतिक स्वार्थ केन्दित गतिविधिको भार नेपालमाथि छ ।

नेपालमा सक्रिय रहने सजिलो माध्यम कृषि क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता (लगानी, विकास सहायता, प्राविधिक सहयोग आदि) त देखिएकै छ । भारतले आफ्नो १ अर्ब ४४ करोड जनसंख्याको भविष्यमा देखिने पानीको संकटकै कारण पानीलाई 'रणनीतिक महत्वको क्षेत्र' मा समावेश गरेको छ । यसपछि नेपालको पानीमाथि आफ्नो रणनीतिक नियन्त्रण भारतको प्राथमिकतामा परेको त उसले नेपालका नदीहरू सम्झौता मार्फत ओगटेर राख्ने तर परियोजना कार्यान्वयन र सम्पन्न नगर्ने, विभिन्न शर्तहरू राख्ने जस्ता व्यवहारबाट प्रमाणित नै भइसकेको छ ।

(ख) नीतिगत त्रुटिहरू: नेपालमा अहिले एउटा प्रस्ट राष्ट्रिय मूल नीति (जसमा देशले लिने राष्ट्र र नागरिकको सुरक्षा, परराष्ट्र र विदेश मामला, अर्थतन्त्र, सामाजिक विकास, विज्ञान र प्रविधि जस्ता सवाललाई प्रस्ट मार्गदर्शन दिएको हुन्छ) नै छैन । यसको अभावमा राष्ट्रको सुरक्षा र समुन्नतिको प्रस्ट मार्गचित्र विना नै विभिन्न विषयगत नीतिहरू बनेका छन् जसले अपेक्षित परिणाम दिनसकेका छैनन् ।

कृषि क्षेत्रमा प्रत्यक्ष दुई दर्जनभन्दा बढी नीतिहरू कार्यान्वयनमा छन् । परोक्ष रूपमा अरू धेरै नीतिहरू पनि आकर्षिक हुन्छन् । तर त्यस्ता नीतिहरूको न तर्जुमा प्रक्रिया सही छ, न विषयवस्तु संगतियुक्त छन् न संरचनापूर्ण छ । परिणाम ती नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन भएका छैनन् । हालसम्म कायम रहेका दर्जनौं नीतिहरू नयाँ संविधान बन्नुभन्दा पहिलेका भएकाले असान्दर्भिक नै भएका छन् । नीति वा अप्रभावी भएपछि रणनीति, कार्यनीति, कार्ययोजना, कार्यान्वयन सबै प्रभावकारी हुने कुरै भएन ।

अर्कोतर्फ नीतिहरू बन्दा प्रमाण र अध्ययनको आधारमा नबनेका कारण यिनीहरू थुप्रै ऐन कानून कार्यविधिसँग बाझिएका छन् । यिनीहरूको कार्यान्वयनमा अवरोध भइरहेको छ । अन्तर मन्त्रालय समन्वय र सहकार्यको अभाव पनि ठूलो समस्या भएको छ । उदाहरणको लागि भूमि व्यवस्था मन्त्रालयले बनाएको तर कृषि मन्त्रालयले स्वामित्व नलिएको कारण देशको भूउपयोग नीतिले कृषि आवश्यकता सम्बोधन गर्न सकेको छैन अथवा कार्यान्वयनमै जान सकेको छैन । कृषि क्षेत्रको सुधार एउटा मन्त्रालय, एउटा नीति वा एउटा ऐन राम्रो भएर मात्रै सम्भव छैन । यसको लागि सरोकारवालासँगको सक्रिय सहभागितामा तयार गरिएको मूल कृषि नीति र यसैको कार्यान्वयनका लागि आवश्यक अरू विधागत नीति, ऐन, संगठन, जनशक्ति, साधन स्रोतको आवश्यकता पर्दछ ।

उर्वर जमिनमा बस्ती, शक्ति र सत्ताको आडमा कृषि अनुदान, किसानले आफ्नो उत्पादनको उचित मूल्य नपाउने अवस्था, कृषि उत्पादनको आयात लगातार वृद्धि र निर्यात न्यून हुँदै जानु, देशको प्रमुख खाद्यान्नमा समेत आत्मनिर्भर हुन नसक्नु, कृषि क्षेत्रमा गहिरो विदेशी प्रभाव आदि सूचकांकले पनि नेपालको कृषि नीति असफल रहेको देखाउँछन् ।

(ग) राजनीतिले गरेको बेवास्ता : नेपालको कृषि क्षेत्रमा संकट देखिनुमा विगतदेखिको संसद् र यसको कृषि सम्बन्धी संसदीय समिति, प्रधानमन्त्रीहरू र कृषि मन्त्रीहरू पनि जिम्मेवार छन् । कृषि जस्तो राष्ट्रकै रणनीतिक महत्वको क्षेत्रको सुधार र यसको लागि चाहिने सही नीति, सहजीकरणमुखी कानून, जनशक्तिको क्षमता विकास र स्रोत व्यवस्थापनमा संसद् र संसदीय समितिले सरकारलाई मार्गदर्शन दिन सकेनन् ।

प्रधानमन्त्रीहरूले कृषिलाई कागजमा प्राथमिकतामा राखे पनि व्यवहारमा कहिल्यै प्राथमिकतामा राखेनन् । उदाहरणको लागि कृषि मन्त्रालय कहिल्यै राजनीतिक दलहरूको रोजाइमा नपर्ने वा दलहरूले मन्त्री पठाउँदा वरिष्ठ, प्रभावशाली नपठाउने मन्त्रालय भएको छ । के प्रधानमन्त्रीले चाहने हो भने डीडीसीले किसानको दूधको पैसा नतिर्ने जस्तो सामान्य समस्या समाधान हुने थिएन त ? बहुसंख्यक कृषि मन्त्रीहरू त कृषिको जटिलता नै नबुझ्ने, कार्यकर्ता भर्ना, सरुवा, अनुदान आदिमै समयावधि बिताएर निस्कने रहेछन् । एकजना कृषि मन्त्रीले राष्ट्रपति भवनमा आयोजित असार १५ को कृषि सम्बन्धी कार्यक्रममा कृषि विकासबारे उट्पट्याङ्ग कुरा गरेपछि राष्ट्रपतिले उहाँलाई त्यहीं यस्ता उट्पट्याङ्ग कुरा नगर्नुस् भनी हप्काएको मैले नै सुनेको थिएँ । अपवादलाई छोडेर अधिकांश कृषि मन्त्रीहरूले न नीतिगत सवालमा चाख राखेको पाइयो न कृषि क्षेत्रका समस्या समाधानमा ।

(घ) खुला सिमाना: नेपालको भारतसँगको तीनतर्फको खुला सीमा र खुला आवत-जावतले पनि नेपालको कृषि क्षेत्रमा जटिलता थप्ने कारण बनेको छ । अत्यधिक मात्रामा आउने भारतीय कृषि मजदुरहरू, गैरकानूनी रूपमा पस्ने अप्रमाणित बीउबिजन, नश्लहरू, कृषि सम्बन्धी सामग्रीको गैरकानूनी ओसार-पसार, नेपाली किसानको उत्पादन सस्तो मूल्यमा खरिद गर्ने भारतीय व्यापारी आदिले पनि जटिलता थपेको छ । त्यसो त नेपाली साना किसानहरूलाई समयमै मल, बीउ ल्याउन खुला सिमानाले केही सहयोग पनि गरेको छ ।

(ङ) खेतीयोग्य जमिन डुवानमा : तराईको समथर भूभागमा यो समस्या अधिक छ । भारतले आफ्नो उत्तरको (हाम्रो दक्षिण) सीमातर्फ बाटो निर्माण गर्न ६-७ फिट अग्लो डाइक ( माटोको ढिस्कोहरू) बनाएको कारण नेपालबाट भारततर्फ जाने पानीको प्राकृतिक बहावमा अवरोध आई नेपालका हजारौं बिघा जमिन डुवान र खेतीबाली नोक्सान भएको छ ।

**कसरी गर्न सकिन्छ यसमा सुधार ?**

नेपालको कृषि क्षेत्रले सामना गरेको संकट र सृजना गरेको चुनौतीको सम्बोधन अहिले कृषिमा कायम रहेको दृष्टिकोण, संरचना नीतिहरूले मात्रै सम्भव छैन । यसको लागि कृषिमा बृहत्तर दृष्टिकोण सहितको आमूल रूपान्तरणको आवश्यकता छ । यो रूपान्तरणकारी अवधारणा व्यवहारमा उतार्न केही पूर्व शर्तहरू छन् । यो अवधारणा कार्यान्वयनको लागि राष्ट्रिय सहमति र संविधान संशोधन आवश्यक पर्छ । यो रूपान्तरणको लागि केही सवालहरू तल प्रस्तुत गरिएको छ, जसको उद्देश्य स्वस्थ बहसको थालनी गर्नु हो ।

(क) संरचनागत सुधार: अहिलेको कृषि क्षेत्रको समस्याहरू मध्ये वर्तमान मन्त्रालयहरूको संरचना प्रमुख मध्येको एक हो । अब राजनीतिक दलहरूको सहमतिबाट, (क) कृषि तथा पशुपन्छी विकास, (ख) भूमि व्यवस्था, सहकारी तथ गरीबी निवारण, (ग) ऊर्जा, जलस्रोत तथा सिंचाइ, घ) वन तथा वातावरण मन्त्रालयहरू एकीकृत गर्ने ।

यसरी 'कृषि तथा प्राकृतिक स्रोत मन्त्रालय' बनाई अहिलेका मन्त्रालयहरूको काम पुन:परिभाषित गरी (जस्तै सीमा सम्बन्धी काम गृह मन्त्रालयलाई दिने) एक-एक विभागले हेर्ने, नीति, रणनीति, कानून, समन्वय, स्रोत व्यवस्थापन र क्षमता विकासमा मात्र मन्त्रालय संलग्न हुने र सेवा प्रवाह र उत्पादन सम्बन्धी सम्पूर्ण काम स्थानीय सरकारलाई जिम्मा दिनु आवश्यक छ । साथै हाल संघमा रहेका यी ४ मन्त्रालयका हजारौं कर्मचारी स्थानीय सरकारमा पठाउनुपर्दछ ।

कृषि, शिक्षा र अनुसन्धानमा देखिएको अक्षमताको अन्योल अन्त्य गर्नको लागि एक स्वतन्त्र उच्चस्तरीय कृषि समन्वय परिषद् गठन गरी यसले कृषि तथा प्राकृतिक स्रोत मन्त्रालयसँगको समन्वयमा नेपालको कृषि उच्च शिक्षा, कृषि अनुसन्धान, कृषि प्रचार, कृषि बजार, कृषिमा लगानी सम्बन्धी नीति, राष्ट्रिय कृषि जनशक्ति आवश्यकता प्रक्षेपण नीति कार्यान्वयन अनुगमन गर्ने लगायतको काम गर्नेछ । यो परिषद्को अध्यक्षमा कृषि प्राकृतिक स्रोतमा विशिष्टता हासिल गरेका व्यक्ति वा कृषिप्रति प्रतिबद्ध वरिष्ठ राजनीतिज्ञ र सदस्यहरूमा कृषि मन्त्रालयको सचिव, कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपति, कृषि अनुसन्धान परिषद्को कार्यकारी प्रमुख, कृषि विकास बैंकको कार्यकारी प्रमुख र निजी क्षेत्र र किसानको प्रतिनिधित्व गर्ने संघ-संगठनको प्रतिनिधित्व रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

कृषि विश्वविद्यालय र कृषि अनुसन्धान परिषद् (नार्क) लाई राष्ट्रिय कृषि समन्वय परिषद् अन्तर्गत ल्याई स्वायत्त तर सहकार्य गर्ने शिक्षा र अनुसन्धान संस्थाको रूपमा सञ्चालन गर्ने र नार्कको वैज्ञानिकले निश्चित समय अनिवार्य कृषि विश्वविद्यालयमा पढाउने र कृषि विश्वविद्यालयका प्राध्यापक र विद्यार्थीले अनिवार्य रूपमा देशभर छरिएका नार्कका ६३ वटा अनुसन्धान केन्द्रहरूमा गई अनुसन्धान गर्नुपर्ने व्यवस्था गर्नु जरूरी छ ।

राष्ट्रको कोषबाट नेपालमा कृषि शिक्षा दिने सम्पूर्ण संस्थाहरूलाई कृषि विश्वविद्यालय अन्तर्गत ल्याई प्रदेश र स्थानीय सरकारसँगको सहकार्यमा यी संस्थाहरूका सेवा केन्द्रहरूले एकीकृत रूपमा कृषि प्रसारको आवश्यकता अनुरूप काम गर्ने । कृषि विकास बैंकलाई अर्थ मन्त्रालयबाट कृषि तथा प्राकृतिक स्रोत मन्त्रालय मातहत ल्याई यसको कायदिश र कार्यक्षेत्र पुन: परिभाषित गरी कृषि क्षेत्रको लगानी, अनुदान, बीमा, क्षतिपूर्ति लगायत सम्पूर्ण कारोबारको एकद्वार प्रणाली बनाई जिम्मा दिने । यसो गर्दा हाल देखिएका धेरै समस्या समाधान हुनेछन् ।

(ख) नीतिगत सुधार: हाल कायम रहेका कृषि क्षेत्रका प्रत्यक्ष र अप्रत्यक्ष कृषिसँग जोडिएका दर्जनौं नीति र कानूनहरूको सूक्ष्म समीक्षा गरी बाझिएका प्रावधानहरू हटाई, प्रस्तावित कृषि तथा प्राकृतिक स्रोत मन्त्रालय र संविधान वा संघीयताको मर्म अनुरुप सही विधि र प्रक्रिया, सही विषयवस्तु र सही संरचना (नीति अनुसन्धान प्रतिष्ठानले तयार गरेको) सहितको र जनताले छानेको प्रतिनिधिहरू (मन्त्री तथा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको) को अगुवाई र सक्रियतामा एकीकृत राष्ट्रिय कृषि नीति तर्जुमा गर्नु आवश्यक छ ।

यसको कार्यान्वयनको लागि आवश्यक पर्ने कानून, जनशक्ति, संरचना, स्रोत र अनुगमन पाँच वर्षपछि समीक्षा गरी परिमार्जनको व्यवस्था प्रस्ट समावेश भएको हुनुपर्नेछ । यो नीति सम्बन्धित सबै सरोकारवालाहरूसँग व्यापक बहस, छलफल गराई उनीहरूको स्वामित्व र अपनत्व सुनिश्चित गर्न आवश्यक छ । यो नीतिले कृषि क्षेत्रभित्र रहेका शक्ति केन्द्रित, बेथितियुक्त उत्पादन सम्बन्धको अन्त्य, कृषि शिक्षा-कृषि अनुसन्धान-कृषि प्रचारको एकीकृत प्रावधान, कृषि बजार अनुगमन र सुधार, कृषि क्षेत्रमा उन्नत प्रविधिको प्रयोग, कृषि क्षेत्रमा पारदर्शी लगानी तथा अनुदानको व्यवस्था गर्नुपर्दछ ।

यसैगरी किसानको उत्पादनको मूल्य सुनिश्चितता, कृषि क्षेत्रमा देखिएको भू-रणनीतिक र भूराजनीतिक चाखको प्रभाव न्यूनीकरण वा अन्त्य, कृषि क्षेत्रको क्षमता विकास, कृषि निजी क्षेत्रको आकर्षणको निश्चितता लगायत अहिले देखिएका समस्याहरूको सम्बोधन हुने गरी तर्जुमा गर्नुपर्दछ । यसैगरी दिनदिनै चोरिंदै गरेका प्राणी तथा वनस्पतिका प्रजातिहरू र यीसँग जोडिएका बौद्धिक सम्पत्तिहरू विदेशीले आफ्नो नाममा दर्ता गर्ने अभ्यास व्यापक रहेकोले यसको अन्त्य र आफ्नो बीउबिजन, जैविक विविधता र रैथाने प्रजातिको संरक्षणको सुनिश्चितता, किसानका अधिकार र खाद्यान्न सम्प्रभुताको प्रत्याभूति, कृषि व्यापार घाटाको अन्त्य, कृषि उपज निकासी र देशको खाद्य आत्मनिर्भर हुने सुनिश्चितता यो कृषि नीतिले गर्नुपर्दछ । नेपालको पानी र कृषि (खाद्य सुरक्षा) लाई नेपालले आफ्नो राष्ट्रिय सुरक्षाको रणनीतिक क्षेत्रको रूपमा समावेश गरी यी दुई क्षेत्रको संरक्षण गर्नु आवश्यक छ । अब कृषिको भविष्यमा जलवायु परिवर्तनको भूमिका महत्वपूर्ण देखिएकाले जलवायु परिवर्तन मैत्री कृषि बनाउने रणनीति लिनु आवश्यक छ ।

(ग) भूमि मामिला सम्बोधन : प्रकृतिले बनाएको तर शक्तिशाली व्यक्तिहरूले नियन्त्रण गरेको, नबढ्ने प्राकृतिक स्रोत भूमि नेपालको कृषि र समग्र विकासकै दृष्टिकोणबाट जटिल सवाल हो । हाम्रो संविधानले भूमिलाई निजी सम्पत्तिमा समावेश गरेकोले व्यक्तिको सम्पत्ति आफ्नो खुसी अनुसार उपयोग गर्ने प्रावधानले अत्यन्त उर्वर खेतीयोग्य जमिनहरूमा बस्ती विकास भएका छन् ।

सिद्धान्तत: भूमिको स्वामित्वको अधिकार पूर्णत: राज्यको हुने र उपयोगको अधिकार व्यक्तिको हुने र राज्यलाई आवश्यक पर्दा सबै प्रकारको भूमि उपयोग गर्न सक्ने संवैधानिक प्रावधान भएको भए कृषि क्षेत्रको रूपान्तरण सहज हुनेथियो । तर यो ढाँचाको संविधान संशोधन हुन ज्यादै कठिन भएकोले कानूनबाट भूउपयोग प्रभावकारी बनाउन आवश्यक छ । भूमिको वर्गीकरण कार्यान्वयन, खेतीयोग्य जमिन कृषि प्रयोजन बाहेक अन्यत्र उपयोग गर्ने वा जग्गा बाँझो राख्ने अभ्यासलाई दण्डित गर्ने, सार्वजनिक संरचना निर्माणको लागि राज्यलाई जग्गा आवश्यक पर्दा सरल प्रक्रिया र उचित मूल्यमा लिन सकिने व्यवस्था गर्ने जस्ता कार्य गर्न आवश्यक छ ।

(घ) कृषिलाई आत्मनिर्भर बनाउने: जबसम्म देशलाई चाहिने खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिंदैन त्यतिबेलासम्म त्यो देशको राष्ट्रिय सुरक्षा जोखिममा रहने भएकोले आत्मनिर्भर बनाउन आवश्यक छ । यसको लागि प्रत्येक वडालाई त्यहाँ उत्पादन हुने स्थानीय खाद्यान्नहरूको उत्पादन र प्रवर्धन गरी आत्मनिर्भर बनाउने । प्रत्येक वडाले त्यहाँ उत्पादित कृषि उपज ठूलो भण्डारण केन्द्र खडा गरी किसानहरूले नै भण्डारण गर्ने र पछि आवश्यकता अनुरुप निकाली प्रयोग गर्ने व्यवस्था मिलाउने, नेपाल सरकारका विभिन्न संस्थाहरू जस्तै नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, तालिम केन्द्रहरू, सरकारी कार्यालयका क्यान्टिनहरू, सरकारी विद्यालयका खाजा, आदिमा स्थानीय स्तरमा उत्पादित खाद्यान्न अनिवार्य प्रयोग गर्नुपर्ने नीति बनाई कार्यान्वयन गराउने ।

यस्तै किसानलाई सरकारले दिने अनुदान र सहुलियत ऋण कृषि विकास बैंक मार्फत मात्र उपलब्ध गराउने, स्थानीय वडालाई कृषिमा आत्मनिर्भर बनाउन चाहने आवश्यक जनशक्ति, प्रविधि, स्रोत सरकारले आफ्ना सम्बन्धित निकायहरू मार्फत उपलब्ध गराउने व्यवस्था गर्न आवश्यक छ । गाउँ-शहर कृषि मार्फत जोड्ने योजनाहरू कार्यान्वयन गरी शहरलाई चाहिने खाद्यान्न गाउँहरूले उत्पादन गर्ने र शहरले खरिद गर्ने अनि शहरबाट खाद्यान्नमा गएको रकमले कृषि विस्तार गर्ने शैली अपनाउन आवश्यक छ ।

किसानले गरेको उत्पादनको बजारको चलनचल्तीको भाउको आधारमा न्यूनतम आधार मूल्य निर्धारण गरी उत्पादन-उपभोक्ता बीचको सम्बन्ध सुदृढ गर्न आवश्यक छ । साथै कृषिको उत्पादन बढाउन उत्पादकत्व बढाउनु आवश्यक भएकोले वडा तहमै कृषि सामग्रीहरू (बीउ, मल, सिंचाइ आदि) सुनिश्चित गर्ने, बिचौलियाले कृषि बजार तल-माथि पार्ने अभ्यास बन्द गर्ने, शीतभण्डार, औजार उपलब्ध गराउने र बजार अनुगमन गर्ने प्रावधानबाट खाद्य-कृषिमा आत्मनिर्भर बनाउन सकिन्छ ।

(ङ) मल कारखाना स्थापना गर्ने: संघीय तहमा एउटा रासायनिक मल कारखाना र प्रत्येक प्रदेशमा प्रांगारिक मल कारखाना स्थापना गरी संयक् प्रयोगबाट माटोको गुणस्तर सुधार्ने र उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ । अहिले वार्षिक रूपमा प्रत्यक्ष र परोक्ष रूपमा रासायनिक मलमा खर्च भएको रकम एकीकृत गरी ५-६ वर्षको रकमले नयाँ कारखाना खोल्न सकिने प्रक्षेपण भएको छ । माटोको गुणस्तर बिग्रिए कृषिलाई आत्मनिर्भर बनाउन सम्भव छैन । निश्चय नै रासायनिक मल कारखाना खोल्नु जटिल र खर्चिलो प्रक्रिया भए पनि यो नै उपयुक्त विकल्प हो । साथै प्रत्येक पालिकामा प्रांगारिक मल कारखाना स्थापना गरी यसको प्रवर्धन गरी माटोको गुणस्तर कायम गर्न सकिन्छ ।

**निचोड: आधारभूत पुन:संरचना अपरिहार्य**

अहिलेको कृषि क्षेत्रमा देखिएको कार्यशैली, नीति, रणनीति, कर्मचारीको मानसिकता, दलीय निष्क्रियता, जनप्रतिनिधिको कृषिको रणनीतिक महत्वप्रतिको बेवास्ताले नेपालको वर्तमान कृषि क्षेत्रको बेथिति सम्बोधन गर्न सक्दिन । २३ साउन २०८१ मा प्रधानमन्त्रीले कृषि तथा पशुपक्षी विकास मन्त्रालयका पदाधिकारीहरूलाई दिएको निर्देशनको कार्यान्वयन पनि अहिलेको अवस्थामा कठिन छ । त्यसैले नेपालको कृषि रूपान्तरणको लागि माथि उल्लेख गरेका प्रावधानहरू माथि व्यापक बहस गरी आवश्यक परिमार्जन सहित यो कार्यान्वयन गर्न आवश्यक छ । वर्तमान अवस्थामा दुई वटा बाटाहरू देखिन्छन् । पहिलो, अहिले भइरहेको कृषि क्षेत्रका अभ्यास र विकास शैलीलाई यथावत् राखी 'जे पर्छ टर्दै जान्छ' भनेर नेपालले भविष्यमा भोग्नुपर्ने चुनौतीहरू सामना गर्ने । दोस्रो, माथि प्रस्तुत गरिएको बाटो अंगीकार गरी कृषिको आमूल रूपान्तरणबाट यो क्षेत्रमा देखिएका चुनौतीको सही सम्बोधन गर्ने ।

*(साभार: अनलाइनखबर)*

# अघिल्लो वर्षका अधिकांश लक्ष्य अधुरै, सरकार विकासमा निम्छरो

काठमाडौं/संघीय सरकारले अघिल्लो आर्थिक वर्ष (आव) २०८०/८१ मा तय गरेका अधिकांश लक्ष्य अधुरै रहेको देखिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको सरकारको नीति तथा कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन (आव २०८०/८१) अनुसार मन्त्रालय र निकायगत रूपमा निर्धारण गरिएका अधिकांश सूचकका लक्ष्य पूरा हुन सकेका छैनन् । त्यसमा पनि विकासका लक्ष्य धेरै प्रभावित बनेका छन् ।

यस वर्ष सरकारले मुद्रास्फीति लक्ष्यभन्दा कम राख्न सफल भएको थियो । चालु खाता सन्तुलन समेत लक्ष्यभन्दा सुधार भएको देखिएको छ । पर्यटक आगमन समेत लक्ष्य अनुसार भएको छ । तर, आर्थिक वृद्धिदेखि अधिकांश विकास-निर्माणसँग सम्बन्धित सूचक लक्ष्यको धेरै टाढा देखिन्छन् । यस वर्ष सरकारले ७ प्रतिशत हाराहारी आर्थिक वृद्धि हुने अनुमान गरेको थियो ।

२०८०/८१ को आर्थिक वृद्धिदर ३.८७ प्रतिशतमात्र भएको छ । यस आवमा २ खर्ब निर्यात पुर्‍याउने लक्ष्य थियो । तर, १ खर्ब ५२ अर्ब रुपैयाँ हाराहारी निर्यात भएको छ । ठूला उद्योग दर्ता ८० वटाको लक्ष्य राखिएकोमा ४७ मात्र दर्ता भएको देखिएको छ । ९८ प्रतिशत जनसंख्यामा आधारभूत स्तरको खानेपानी सेवा पुर्‍याउने लक्ष्य राखिएकोमा ९६.४४ प्रतिशतमा मात्र पुगेको छ ।

यस आवमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट यस आवमा ५० अन्तर्राष्ट्रिय उडान गर्ने लक्ष्य राखिएकोमा जम्मा ५ उडान भएका छन् । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट ३ सय ५० उडान लक्ष्य राखिएकोमा १ सय २० मात्र भएको प्रतिवेदनमा छ । सेवाग्राहीले नजिकको भूसेवा केन्द्रबाट जग्गा सम्बन्धी कारोबार गर्न सक्ने सबै किसिमको प्रविधि जडान भएको कार्यालय ३७ पुर्‍याउने लक्ष्य राखिएकोमा १२ कार्यालयमा मात्र यो सेवा जडान गर्न सकिएको छ ।

यस आवमा सरकारले ११ सय ३३ मेगावाट विद्युत् उत्पादन क्षमता बढ्ने लक्ष्य राखेको थियो । तर, उपलब्धि भने ४ सय ७६ मेगावाट बराबर भएको छ । यस आवमा विद्युत् निर्यात ४ हजार १ सय ६२ गिगावाट आवर गर्ने लक्ष्य राखिएकोमा १ हजार ९ सय ९ गिगावाट आवर बराबर निर्यात भएको तथ्यांकमा छ । त्यस्तै ६ सय ९९ किलोमिटर प्रसारण लाइन निर्माण लक्ष्य राखिएकोमा ७ सय २८ किलोमिटर निर्माण भई लक्ष्यभन्दा धेरै काम भएको देखिएको छ ।



**पुल निर्माण लक्ष्यभन्दा दोब्बर, सडकमा कमजोर**

यस आवमा पुल निर्माण भने लक्ष्यभन्दा दोब्बर निर्माण सम्पन्न भएको देखिएको छ । प्रधानमन्त्री कार्यालयका अनुसार यस आवमा कालोपत्र सडक (दुई लेन) ८ सय किलोमिटर निर्माण लक्ष्य थियो । तर, यस आवमा ६ सय ७५ किलोमिटर सडकमात्र कालोपत्र भएको छ । देशभरि कालोपत्र सडक संख्या १८ हजार ३ सय ७६ किलोमिटर पुगेको छ । यस आवमा चार लेन कालोपत्र सडक निर्माण लक्ष्य १ सय ५० किलोमिटर थियो । यस आवमा निर्माण भने ७८.३ किलोमिटर मात्र चार लेन सडक निर्माण भएको छ ।

अब देशभरि चार लेन सडक कालोपत्र सडक २ सय २३ किलोमिटर पुगेको छ । यस आवमा १ सय ५० पुल निर्माणको लक्ष्य राखिएकोमा २ सय २ पुल बनेका छन् । अब देशभर ३ हजार ३ सय ९३ पुल निर्माण सम्पन्न भएका छन् । त्यस्तै यस आवमा ६ किलोमिटरको रेलमार्ग लक्ष्य रहेकोमा सोही बराबर निर्माण भएको विवरणमा उल्लेख छ । देशभरि ४ सय ५९ झोलुङ्गे पुल निर्माण लक्ष्य रहेकोमा २ सय १० मात्र बनेका छन् ।

यसैगरी मुलपानी क्रिकेट रंगशाला निर्माण यस आवमा १० प्रतिशत प्रगतिको लक्ष्य राखिएकोमा २.८ प्रतिशतमात्र भएको छ । यस आयोजनाको कुल प्रगति ३७.८ प्रतिशत पुगेको छ । काठमाडौं-तराई द्रुतमार्ग निर्माण ९.२ प्रतिशत प्रगति हासिल गर्ने लक्ष्य रहेकोमा ९.८८ प्रतिशत प्रगति भएको देखिएको छ ।

**लाइसेन्स वितरण दयनीय**

सबैभन्दा कमजोर प्रदर्शन सवारी चालक अनुमतिपत्र वितरणमा देखिन्छ । यस आवमा १२ लाख लाइसेन्स बाँड्ने लक्ष्य रहेकोमा २ लाख ७३ हजार थानमात्र लाइसेन्स वितरण भएका छन् । राष्ट्रिय परिचयपत्र विवरण संकलनमा समेत सरकार लक्ष्यभन्दा धेरै कमजोर देखिएको छ । यस आवमा २६ लाख विवरण संकलन गर्ने भनिएकोमा १३ लाख ३९ हजारमात्र विवरण संकलन भएको छ ।

अप्टिकल फाइबर विस्तार भने लक्ष्यभन्दा माथि पुगेको छ । यस आवमा २ हजार ५ सय किलोमिटर अप्टिकल फाइबर विस्तार लक्ष्य रहेकोमा २ हजार ७ सय ६२ किलोमिटर विस्तार भएको छ । विद्युतीय राहदानी भने लक्ष्यभन्दा माथि वितरण भएको छ । यस आवमा ८ लाख विद्युतीय राहदानी वितरण लक्ष्य रहेकोमा १४ लाख ७३ हजार सवतरण भएको देखिएको छ ।

**सामाजिक सुरक्षा कोषमा स्वेच्छिक सहभागिता कम**

यस आवमा सामाजिक सुरक्षा कोषमा बाध्यकारी नियम अनुसार बढ्ने बाहेक स्वेच्छिक सहभागिता कम भएको छ । विवरण अनुसार योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा औपचारिक क्षेत्रका सूचिकृत श्रमिक ७६ हजार थप गर्ने लक्ष्य राखिएकोमा ८७ हजार पुगेका छन् ।

वैदेशिक रोजगारीमा रहेका श्रमिक २ लाख ७१ हजारलाई सहभागी गराउने भनिएकोमा ७ लाख ५० हजार पुर्‍याइएको छ । यी बाध्यकारी नियमले बाँधिएका कारण लक्ष्यभन्दा धेरै सहभागिता भएको हो । तर, योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा स्वरोजगार क्षेत्रका श्रमिक १ हजार जनालाई सहभागी गराउने लक्ष्य राख्दा २ सय ५० जनालाई मात्र सहभागी गराउन सकिएको छ ।

**स्वास्थ्य पूर्वाधारमा पनि कमजोर**

दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार लक्ष्यभन्दा धेरै भएको छ । तर, स्वास्थ्य पूर्वाधारका लक्ष्य भने पूरा हुन नसकेको पाइएको छ । यस आवमा स्वास्थ्य बीमामा आबद्ध जनसंख्या ६० प्रतिशत पुर्‍याउने लक्ष्य राखिएकोमा २७.४५ प्रतिशतमा मात्र यो सेवा विस्तार गरिएको छ । ५, १० र १५ शय्याको आधारभूत अस्पताल सञ्चालन भएका स्थानीय तहको संख्या ७७ पुर्‍याउने भनिएकोमा ५ मा मात्र विस्तार भएको छ ।

**राजस्व असुलीदेखि खर्चसम्म अधुरा लक्ष्य**

यस आवमा मन्त्रालयगत लक्ष्य कम हुँदा समग्र राजस्व र खर्च नै प्रभावित बनेको छ । यस आवमा कर राजस्व लक्ष्यको ७१.०१ प्रतिशत र गैरकर राजस्व ८८.२६ प्रतिशतमात्र उठेको छ । खर्चमा समेत सरकारले लक्ष्यको ८०.४५ प्रतिशतमात्र उपलब्धि प्राप्त गरेको छ । यस आवमा चालुतर्फ लक्ष्यको ८३.४३ प्रतिशत र पूँजीगततर्फ ६३.४७ प्रतिशत खर्च भएको छ ।

**विकासे मन्त्रालय नै विकासमा कमजोर**

अघिल्लो वर्ष विकासे मन्त्रालयहरू नै पूँजीगत खर्चमा सबैभन्दा कमजोर देखिएका छन् । यस आवमा सबैभन्दा धेरै पूँजीगत खर्च रक्षा मन्त्रालयले गर्न सफल भएको छ । यस मन्त्रालयको पूँजीगत खर्च ९७.४३ प्रतिशत पुगेको छ । तर, विकास बजेट धेरै राखेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पूँजीगत बजेट ७३.२१ प्रतिशतमात्र खर्च भएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अर्को विकासे मन्त्रालय हो । जसले ८०.९ प्रतिशत मात्र पूँजीगत खर्च गरेको छ । सहरी विकास मन्त्रालयसँग धेरै विकास बजेट रहेको छ । यस मन्त्रालयले लक्ष्यको ६५.८१ प्रतिशतमात्र पूँजीगत खर्च गरेको छ । अर्थ मन्त्रालयले पूँजीगत खर्च ५९.२५ प्रतिशतमात्र गरेको छ । सबैभन्दा कमजोर महिला, बालबालिका तथा ज्येष्ठ नागरिकले १६.५० प्रतिशतमात्र पूँजीगत खर्च गरेको छ ।

यस आवमा सरकारले आर्थिक, पूर्वाधार, शासकीय सुधार र सामाजिक क्षेत्रमा कुल १ हजार ६ सय वटा क्रियाकलाप सञ्चालन गरेको थियो । जसमध्ये ६ सय ६८ (४१.७ प्रतिशत) क्रियाकलाप सम्पन्न भएका छन् । ८ सय ६२ क्रियाकलाप चालु अवस्थामा छन् भने ७० वटा क्रियाकलापमा काम नै सुरु नभएको देखिएको छ ।

यसरी काम सुरु हुन नसक्नु वा काममा ढिलाइ हुनुमा वातावरणीय प्रभाव अध्ययन, जग्गा प्राप्ति, खरिद प्रक्रिया, सम्भाव्यता अध्ययन लगायत समस्यासँग जुधेको कार्यालयको प्रतिवेदनमा उल्लेख छ ।

**कार्यान्वयन तयारी पूरा हुन नसक्दा अपेक्षित प्रगति भएन**

सरकारले २०८०/८१ मा राखेका लक्ष्य पूरा हुन नसक्नुका कारण समेत खोतल्ने प्रयास गरेको छ । जसमा कार्यान्वयनका लागि तयारी पूरा नभएको अवस्थालाई मुख्य कारण मानिएको छ ।

बजेट व्यवस्थापन/स्रोत सुनिश्चितता नहुनु समेत अर्को कारणका रूपमा विवरणमा उल्लेख छ । अन्तर तह/निकाय समन्वय हुन नसक्नु, अन्य निकायको सहमति प्राप्त हुन नसक्नु, जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन, कानुन, कार्यविधि तथा प्रक्रियागत आधार तयार नभएको, स्थान छनोट/जग्गा प्राप्ति, विवाद तथा कानुनी जटिलताका कारण समेत लक्ष्य अनुसार काम हुन नसकेको देखिएको छ ।

विपद तथा प्रतिकूल मौसम, निर्माण सामग्री र आपूर्ति अभाव, निर्माण व्यवसायी र परामर्शदाताबाट हुने ढिलाइले समेत आयोजना/कार्यक्रम प्रभावित बनेको देखिन्छ । नीति तथा कार्यक्रम र बजेटबीच तालमेल नहुनु, आयोजना बैंकमा समावेश नभएका आयोजना बजेटमा राखिनु र आयोजनामा आवश्यकता अनुसार बजेट नराख्दा समस्या देखिएको कार्यालयको विश्लेषण छ । साना आयोजना तथा कार्यक्रम संघबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्न नमान्नुलाई समेत एक जटिल समस्या मानिएको छ । विनियोजन कुशलता नहुँदा आर्थिक वर्षको प्रारम्भबाटै रकमान्तर र थप बजेट माग्ने प्रवृत्तिलाई कार्यालयले समस्याका रूपमा औंल्याएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'होस्टेल ३'मा 'वार्डेन' बन्दै आर्यन, भित्रिइन् परीक्षा पनि



काठमाडौं/गत जेठमा आएको फिल्म 'पूजार सार्की' सफल भएपछि अभिनेता आर्यन सिग्देलको करिअरले फेरि गति समात्न थालेको छ । उनी एकपछि अर्को फिल्ममा आबद्ध भइरहेका छन् । केही दिनअघि मात्र फिल्म 'के घर के डेरा २' को छायांकन सकाएका उनी बुधबार नयाँ फिल्म 'होस्टेल ३'मा अनुबन्धित भएका छन् । आर्यन होस्टेलको 'वार्डेन'को भूमिकामा देखिने निर्देशक सशान कँडेलले बताए ।

निर्देशक कँडेलले भने, 'व्यस्तताका बावजूद पनि उहाँ (आर्यन) 'होस्टेल ३'मा काम गर्न तयार हुनुभएकोमा हामी खुसी छौं । उहाँले निभाउने 'वार्डेन'को भूमिका फिल्मको मेरुदण्ड हो । यसअघि पनि 'होस्टेल' शृंखलामा वार्डेनको भूमिका रुचाइएको थियो । यस पटकको भूमिका अझै बलियो छ ।' 'होस्टेल'को अघिल्ला दुई श्रृंखलामा निर्माता सुनिल रावलले 'वार्डेन'को भूमिका निभाएका थिए ।

फिल्ममा आर्यनका साथै अभिनेत्री परीक्षा लिम्बू पनि भित्रिएकी छन् । यसअघि आर्यन र परीक्षाको 'पूजार सार्की'मा सहकार्य भएको थियो । भदौ अन्तिमबाट छायांकन सुरु हुन लागेको फिल्ममा पारस बम ठकुरी, रिहान गिरी, आशिष घिमिरे, पदम तामाङ, सिम्रन पन्त, हेना नगरकोटी, उमर खान, समा पराजुली लगायतको पनि अभिनय रहनेछ । आगामी फागुन १६ गते फिल्म प्रदर्शन हुनेछ ।

फिल्ममा माधव शर्माको पटकथा तथा संवाद लेखन रहेको छ भने कथा निर्देशक कँडेलको हो । सम्मान इन्टरटेन्मेन्टले आरोन कन फिल्म्ससँगको सहकार्यमा निर्माण हुन लागेको 'होस्टेल ३'को कार्यकारी निर्मातामा शङ्कर कोइराला छन् भने निर्मातामा कर्ण कार्की र गोविन्द अधिकारी छन् । सुधा मरहट्टा, सुरेश कँडेल र अर्जुन सापकोटा सहनिर्माता तथा भेषराज गौतम लाइन प्रोड्युसरमा छन् ।

# 'ज्वाइँ साब' गीत: बत्तीको कसम खाँदै नीतिसँग रोमान्टिक जितु



काठमाडौं/आगामी असोज २४ गते (फूलपाती)देखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'ज्वाइँ साब'को पहिलो गीत सार्वजनिक गरिएको छ । बुधबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक 'कसम बत्तीको' बोलको गीतलाई विवाहको परिवेशमा तयार पारिएको छ । जसमा फिल्मका मुख्य अभिनेता जितु नेपाल र अभिनेत्री नीति शाह दुलहा र दुलहीको भेषमा आकर्षक नृत्य गर्दै प्रस्तुत छन् ।

यो गीतमा निशान भट्टराई र समीक्षा अधिकारीको युगल गायन, यादव लम्सालको शब्द रचना र अर्जुन पोखरेलको संगीत छ । हिन्दू परम्पराअनुसार बिहेपछि केटाको घरमा केटी भित्रिने चलन छ । तर, 'कसम बत्तीको' गीतमा जुत्ता लुकाएको पैसा बेहुला पक्षलाई बेहुलीले दिएकी छन् भने बेहुला (जितु) डोलीमा चढेर बेहुलीको घर गएका छन् । यसले फिल्मको कथा रोचक हुनसक्ने देखाउँछ ।

बसन्त निरौलाको निर्देशनमा तयार भएको 'ज्वाइँ साब'मा जितु र नीतिसँगै बुद्धि तामाङ, हिमेश पन्त, रमेश वुढाथोकी, निमा पाण्डे, कविता आले, शिशिर वाङ्देल, दीपक आचार्य (काकु), राजकुमार पण्डित, कमलमणी नेपाल, प्रकाश घिमिरे, सीपी पौडेल, सुमन राई, राजेन्द्र नेपाली, दीपक अधिकारी, विश्व मुखिया, रोशन नेपाल, नविन काफ्ले, शिवु पाण्डे लगायतको पनि अभिनय रहेको छ ।


विजय बस्याल कार्यकारी निर्माता रहेको फिल्ममा मीनादेवी खड्का, सौगात पण्डित र पदमलाल तामाङको लगानी छ । राजकुमार पण्डितको प्रस्तुतिमा तयार भएको यो फिल्ममा अर्जुन पोखरेलसहित महेश ताम्राकारको संगीत, श्याम तामाङको छायांकन, सञ्जय थापाको द्वन्द्व निर्देशन तथा सन्देश शाहको सम्पादन छ । जितु र नीतिको जोडीका कारण फिल्मप्रति दर्शकमा चासो देखिएको छ ।

# 'डेनी डेन्जरस' निर्देशन गर्दै निश्चल

काठमाडौं/गत वर्षको सुपरहिट फिल्म 'दिमाग खराब'बाट ६ वर्षपछि निर्देशनमा फर्किएका निश्चल बस्नेतले अब फिल्म 'डेनी डेन्जरस' बनाउने भएका छन् । बुधबार एक थिम पोस्टर सार्वजनिक गर्दै उनले फिल्मको घोषणा गरेका हुन् ।

पोस्टर हेर्दा फिल्म ग्याङ्स्टर कथामा बन्न लागेको प्रष्ट हुन्छ । रगतले रङ्गिएको पोस्टरमा बन्दुकदेखि चक्कुसम्म देखिन्छ । यो निश्चलको पाँचौं निर्देशकीय फिल्म हुनेछ ।

निश्चलकै कम्पनी ब्ल्याक हर्स पिक्चर्सको ब्यानरमा निर्माण हुन लागेको फिल्मलाई सन्




२०२५ मा रिलिज गरिने पोस्टरमा उल्लेख छ । फिल्ममा अभिनय गर्ने कलाकारको बारेमा भने जानकारी गराइएको छैन । यद्यपि, निश्चलले मुख्य भूमिकामा केही कलाकारलाई निश्चित गरिसकेको स्रोत बताउँछ । चाँडै नाम सार्वजनिक गर्ने उनको तयारी छ । यो फिल्मको छायांकन तिहारपछि सुरु गरिँदैछ ।

'डेनी डेन्जरस' रिलिजपछि निश्चलले 'दिमाग खराब'को सिक्वेल बनाउनेछन् । जसलाई २०८३ सालमा प्रदर्शन गर्ने उनको तयारी छ । उनले श्रीमती तथा अभिनेत्री स्वस्तिमा खड्कासँग मिलेर निर्माण गरेको फिल्म 'बेहुली फ्रेम मेघौली' भने दशैंको छेको पारेर आगामी असोज १७ गते (घटस्थापना)बाट प्रदर्शन हुँदैछ । अहिले उनी यसैको प्रचारमा व्यस्त छन् । यसमा उनी स्वयंको मुख्य भूमिका छ ।

# यातायात समिति नवीकरण नगर्ने मन्त्रिपरिषदको निर्णय सर्वोच्चले गर्‍यो बदर

काठमाडौं/सर्वोच्च अदालतले जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका यातायात समिति नवीकरण नगर्ने र सम्पत्ति जफत गर्ने सरकारको निर्णय बदर गरेको छ । २० भदौ २०७५ मा कोशी बस व्यवसायी संघ तथा पूर्वाञ्चल यातायात व्यवसायी संघले दायर गरेको रिटको सुनुवाइ गर्दै न्यायाधीश सपना प्रधान मल्ल र बालकृष्ण ढकालको इजलासले यातायात समिति नवीकरण नगर्ने र सम्पत्ति जफत गर्ने तत्कालीन मन्त्रिपरिषदको निर्णय उत्प्रेषणको आदेशले बदर गरेको हो ।

४ वैशाख २०७५ को मन्त्रिपरिषद बैठकले यातायात क्षेत्रसँग सम्बन्धित संघ संस्थाको दर्ता तथा नवीकरण नगर्ने निर्णय गरेको थियो । सर्वोच्चको यो फैसलासँगै यातायात समितिहरु नवीकरण गर्न बाटो खुलेको छ, त्यस्तै समितिको नाममा रहेका सम्पत्तिहरु पनि उनीहरुकै हुने भएको छ । २० चैत २०८० मा भएको सो फैसलाको पूर्णपाठ हालसालै सार्वजनिक भएको छ । अदालतले संघ संस्था दर्ता ऐन २०३४ अन्तर्गत दर्ता भई अस्तित्वमा रहेका यातायात समितिहरुको नवीकरण गर्ने वा नगर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुने भन्दै यसमा मन्त्रिपरिषदले निर्णय गर्नु कानुन विपरीत हुने ठहर गरेको हो ।

मन्त्रिपरिषदको निर्णयको आधारमा गृहमन्त्री र भौतिक पूर्वाधार तथा यातायात मन्त्री समेतको बैठकले ३१ असार २०७५ मा यातायात व्यवसायीहरुको संघ संस्था दर्ताको प्रमाणपत्र नवीकरण नगर्ने, दर्ता खारेज गर्ने र सो संस्थाको सम्पत्ति जफत गर्ने लगायतका निर्णय गरेको थियो । सोसँग सम्बन्धित परिपत्र समेतका आधारमा जिल्ला प्रशासन कार्यालयहरुले नवीकरण रोकेका थिए ।

सर्वोच्च अदालतले मन्त्रिपरिषद्को सो निर्णयसहित त्यसका आधारमा भएका सबै काम कारवाही कानुनसम्मत नदेखिएकोले उक्त निर्णयहरू र सो निर्णय कार्यान्वयनसँग सम्बन्धित सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरिदिएको हो ।

"निवेदक संस्थाको दर्ता प्रमाणपत्र कानुन बमोजिम नवीकरण गरी सम्पत्ति जफत गर्ने निर्णय भएको निवेदक समेतको सम्पत्तिको रोक्का फुकुवा गर्नू भनी विपक्षीहरूको नाममा परमादेश समेत जारी हुने ठहर्छ', फैसलामा भनिएको छ ।

अदालतले संस्था दर्ता ऐन २०३४ को दफा १४ मा संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा नेपाल सरकारमा सर्ने व्यवस्था छ ।

अदालतले ऐनले तोकेका विधि प्रक्रिया विना कसैलाई पनि कुनै कारवाही गर्न नमिल्ने व्याख्या पनि गरेको छ । कानुनले प्रष्ट रूपमा नियमन अधिकारी तोकेको अवस्थामा सो नियमन अधिकारीबाहेकका अन्य कसैले गर्ने कार्य कानुनी शासन अनुकुल नहुने र त्यस्तो कार्यले वैधानिकता प्राप्त गर्न नसक्ने फैसलामा उल्लेख छ ।

'नेपाल सरकारले सिन्डिकेटमा कारबाही गर्ने हो भने पनि सम्बन्धित ऐन बमोजिम नै काम गर्नुपर्दछ', फैसलामा भनिएको छ, 'कानुनले तोकेको कार्यविधि पूरा गरी स्थापना भएको संगठित संस्थालाई कानूनमा निर्धारित विधि र प्रक्रिया अबलम्बन गरी कानूनबमोजिम मात्र खारेज वा विघटन गर्न मिल्ने र सम्पत्ति जफत गर्ने हुन्छ ।' नेपाल सरकारलाई संस्थालाई निर्देशन दिन सक्ने अधिकार भए पनि त्यसभित्र संस्थाको नवीकरण गर्न इन्कार गर्ने वा खारेजी वा विघटन गर्ने सम्पत्ति जफत गर्ने अधिकार समेत निहित रहेको भनी अनुमान गर्न नमिल्ने फैसलामा उल्लेख छ । कुनै व्यक्ति वा संस्थाको विरूद्ध कुनै निर्णय गर्दा त्यस्तो व्यक्ति वा संस्थालाई आफ्नो कुरा भन्ने अवसर दिनुपर्नेमा सुनुवाइको मौकासमेत नदिई यातायात समितिहरु नवीकरण नगरिएको अदालतको ठहर छ ।

*(स्रोत: अनलाइनखबर)*

# स्थानीय तहका विशेषज्ञ चिकित्सकलाई प्रदेश अस्पतालमा काजमा खटाइने

काठमाडौं/सरकारले स्थानीय तहमा मेडिकल अधिकृतको दरबन्दीमा रहेका विशेषज्ञ चिकित्सकलाई प्रदेश अस्पतालमा काजमा खटाउने भएको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले स्थानीय तहमा मेडिकल अधिकृतको दरबन्दीमा रहेका विशेषज्ञ चिकित्सकलाई प्रदेश अस्पतालमा काजमा खटाउने व्यवस्था स्वीकृत गरेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी अनुसार उक्त निर्णयबाट विशेषज्ञ चिकित्सकको ज्ञान र सीपको अधिकतम उपयोग गर्ने बाटो खुलेको छ । 'धेरै विशेषज्ञ चिकित्सक स्थानीय तहमा मेडिकल अधिकृतको रूपमा कार्यरत छन् । यो निर्णयले उनीहरूलाई आफ्नो विशेषज्ञता अनुरुप काम गर्ने अवसर मिलेको छ,' डा. बुढाथोकीले संचारकर्मीसँग भने ।

स्वास्थ्य मन्त्रालयको प्रशासन महाशाखाका सहसचिव ऋषि आचार्यका अनुसार समायोजन ऐन अन्तर्गत बाधा अड्चन फुकाउन कानुन र सामान्य प्रशासन मन्त्रालय सहमति लिएर स्वास्थ्यले मन्त्रिपरिषदमा प्रस्ताव लगिएको थियो । स्थानीय तहमा समायोजन भएका १५० जनाको हाराहारीमा विशेषज्ञ चिकित्सक छन् । स्थानीय तहबाट प्रदेश अस्पतालमा काजमा जाने चिकित्सकको हकमा सम्बन्धित पालिका र प्रदेश सरकार दुवैको सहमति हुनुपर्नेछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp, Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



# बागमतीको अर्थ समितिमा उठ्यो हेटौंडा कपडा उद्योगको सवाल

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ बागमती प्रदेशसभाको अर्थ तथा विकास समितिमा हेटौंडा कपडा उद्योग सञ्चालनको विषय उठान भएको छ । समितिको बैठकमा जीर्ण अवस्थामा रहेको हेटौंडा कपडा उद्योग सञ्चालनको विषयले प्राथमिकता पाएको हो ।



बैठकमा कपडा उद्योगको विषय कार्यसूचीमा थिएन । प्रदेश नीति तथा योजना आयोगले तयार गरेको दोस्रो आवधिक योजना (२०८१-२०८५) को प्रमुख कार्यक्रम र पहिलो आवधिक योजना (२०७५-२०८०) को समीक्षाको विषय बैठकको कार्यसूची रहेको थियो । समितिका सभापति नुरज बज्राचार्यले साही कार्ययोजना अनुसार नीति आयोगका सचिवको समेत भूमिकामा रहेका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीलाई प्रस्तुतीकरणको समय दिए ।

सचिव मैनालीको प्रस्तुती सकिएसँगै सांसदहरूलाई यो विषयमा धारणा राख्ने र छलफल गर्ने समय निर्धारण समितिका सभापति बज्राचार्यले गरे । तर, बैठकमा छैटौं नम्बरमा धारणा राख्दै माओवादी केन्द्रकी सांसद अमृता नेपालले धारणा राख्दै हेटौंडा कपडा उद्योगको विषय उठान गरेकी थिइन् । उनले बागमती प्रदेशले आफ्नै उत्पादनको रुपमा कुनै क्षेत्रलाई तोकेर लगानी बढाउनुपर्ने धारणा राख्दै नागरिकलाई आर्थिक उपार्जनमा जोड्न र आर्थिक समृद्धिमा अघि बढ्नुपर्ने बताइन् ।

सांसदहरुको प्रश्नका विषयमा सचिव मैनालीले जवाफ दिने क्रममा पुन: हेटौंडा कपडा उद्योगको प्रसंग निकाले । उनले हेटौंडा कपडा उद्योग सञ्चालन गर्नसक्ने अवस्था नरहेको टिप्पणी गरे । प्रविधिको विकाससँगै कपडा उद्योग सञ्चालनको नयाँ टेक्नोलोजी सस्तो पर्न जाने भएकाले हेटौंडा कपडा उद्योगको प्रविधि पुन: सञ्चलनको सम्भावना नरहेको उनले बताए ।

त्यसलगत्तै समितिका सभापति बज्राचार्यसँग समय माग गरे धारणा राख्दै कांग्रेस सांसद रामकृष्ण चित्रकारले कपडा उद्योग सञ्चालन गर्नुपर्ने धारणा राखे । उनले आफू सचिव मैनालीको भनाइमा सहमत नभएको भन्दै हेटौंडा कपडा उद्योग सञ्चालन हुन सक्ने अवस्थामा रहेको बताए । उनले बाबुराम भट्टराई अर्थमन्त्री रहेका बखत उद्योग पुन: सञ्चालन भई परीक्षण उत्पादन समेत सफल गरेको बताए ।

एमाले सांसद मधुसूदन पौडेलले सरकारी संरचनालाई बेवारिसे राख्न नहुने र लगानीको प्रतिफल आउने गरी कपडा उद्योग सञ्चालन गर्नुपर्ने बताए । उनले हाल हेटौंडा कपडा उद्योग सञ्चालनको रहेको भए प्रविधि पुरानो भयो भनेर बन्द गरिन्थ्यो वा प्रविधि परिवर्तनमा अग्रसर भइन्थ्यो भन्दै प्रश्न पनि गरे । सरकारी उद्योगको मर्मत तथा प्रविधि परिवर्तन गरेर सञ्चालन गर्नुपर्ने र नागरिकलाई रोजगारी तथा आर्थिक उपार्जनमा जोड्नुपर्ने उनको भनाइ थियो ।

# पालुङ प्रहरीप्रमुख थापाको विदाई, अर्यालको स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ थाहानगरस्थित इलाका प्रहरी कार्यालय पालुङका प्रहरी निरीक्षक (इन्सपेक्टर) श्याम थापा मगरलाई विदाई गरिएको छ । थाहा नगरपालिकाले २६ भदौमा एक कार्यक्रमको आयोजना गरी थापालाई विदाई प्रमुखको रुपमा पालुङ आएका इन्सपेक्टर सविनबाबु अर्याललाई स्वागत गरिएको हो ।

कार्यक्रममा नगरप्रमुख विष्णुबहादुर विष्टले विदाई हुँदै गरेका थापामगरको सहकार्य र समन्वयको कार्यको प्रशंसा गरे । नगरपालिकाले व्यवस्थापन गर्ने हरेक क्रियाकलापमा थापाले पुर्‍याएको योगदानको विष्टले कदर गर्दै थप सफलताको शुभकामना दिए । कार्यक्रममा थाहा नगरका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, नेपाली काँग्रेस थाहानगर सभापति प्रमोद जोशी, नेकपा एमाले थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधान, पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझी, थाहा नगरपालिका-६ का अध्यक्ष राजनभक्त श्रेष्ठ लगायत नगरपालिका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

इलाका प्रहरी कार्यालय पालुङमा करिब १ वर्ष १७ दिनमा थापाको सरुवा भएको थियो । उनी २०८० साउन ३० गते इलाका प्रहरी कार्यालय पालुङमा प्रहरीवृत्त बानेश्वर अपराध नियन्त्रण शाखाबाट सरुवा भई आएका थिए । थापा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय पिलर १ हत्या, राज्य विरुद्धको अपराध, मानवबेचविखन, लागूऔषधमा सरुवा भएका हुन् । थाहानगरस्थित इलाका प्रहरी कार्यालय पालुङमा भने अर्याल नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय विपद व्यवस्थापन जर्गाह पश्चिम नवलपरासीबाट सरुवा भई आएका हुन् । उनको पनि १७ भदौमै सरुवा भएको हो ।

# मानवसेवा आश्रमद्वारा १० हजारको उद्दार

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावक विहीन, मानसिक तथा शारीरि करुपमा कमजोर सहयोगापेक्षीको आश्रय र सेवाका क्षेत्रमा काम गर्दै आएको मानवसेवा आश्रमले स्थापनाकालदेखि हालसम्म १० हजार बढीको उद्दार गरेको छ ।



२०६९ सालदेखि देशव्यापी रुपमा सडकपेटी र सार्वजनिकस्थलमा कष्टपूर्ण जीवन बिताउन विवश १० हजार २६६ मानवको उद्दार गरेको हो । आश्रमले तीन हजार ९३० जना महिला र छ हजार ३३६ जना पुरुषको उद्दार गरेको छ । मानवसेवा आश्रमले २०८२ सालभित्र सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको लक्ष्यसहित काम गर्दै आइरहेको आश्रमका प्रमुख संस्थापक एवम् केन्द्रीय अध्यक्ष रामजी अधिकारीले जानकारी दिए । हाल देशभर सात प्रदेशको १९ जिल्लामा २४ वटा सेवाकेन्द्र सञ्चालन गरेको आश्रमले ७७ जिल्लाबाट सहयोगापेक्षी सडक आश्रित मानवको उद्दार गर्दै आइरहेको छ ।

आजसम्म एक हजार ७१६ बेसहारा सडकमानवको प्रत्यक्ष संरक्षण गर्दै आइरहेको छ । आश्रममा आश्रितमध्ये ७३२ जना महिला र ९८४ जना पुरुष रहेको मानवसेवा आश्रमका कोषाध्यक्ष होमनाथ तिमल्सिनाले जानकारी दिए । आश्रमका चार हजार ५५ जनालाई सफल पारिवारिक पुनर्मिलन गराइसकेको छ । दुइ हजार २६३ पुरुष र एक हजार ७९२ महिलालाई पारिवारिक पुनर्मिलन गराइएको हो । आश्रम स्थापनाकालदेखि हालसम्म आश्रितमध्ये एकहजार ३११ जनाको मृत्यु भइसकेको छ । जसमध्ये ९०६ पुरुष र ४०४ जना महिला रहेका छन् ।

मानवसेवा आश्रमले हेटौंडा र गोरखामा बालबालिका सेवाकेन्द्र पनि सञ्चालन गरेको छ । आश्रमले हेटौंडामा २५ जना र गोरखामा ३७ जना बालबालिकालाई सेवा दिंदै आएको छ । मनोरोगी, पारिवारीक बेमेल, कुलत, गलत खानपान, दुर्व्यसनी, गरिबी र बेरोजगारीका कारण मानिस सडकमा पुग्ने गरेको तथ्य छ । जसमध्ये सडकमा कुल्ली कवाडी टिप्ने, मागेर खाने, बोल्न नसक्ने लगायतको उद्दारका क्रममा भेटिएका छन । उद्दार गरेर ल्याइएकामा विशेषगरी धेरैजसो मनोरोगी, मुटु, कलेजो, किड्नी, सुगर, प्रेसरलगायत समस्या धेरै देखिएको हो । मानवसेवा आश्रमले उद्दार, आश्रितलाई सेवा दिनका लागि करिव २५० जना अभियन्ता परिचालन गरेको जनाएको छ ।

उद्दार गरिएकामध्ये नेपाली मात्रै नभई अमेरिकी, भारती, बंगाली नागरिक समेतलाई पारिवारीक पुन:मिलन गराइएको छ । संघ, प्रदेश र स्थानीय तहको ३५ प्रतिशत सहयोग र जन्मदिन मनाउने, विवाह वर्षगाँठमा, पितृको सम्झना, संघसंस्थाको स्थापना दिवस, जागिर सुरुवात, पास भएको खुसीयाली, वर्तमान, चुडाकर्म, चौरासी पूजा र विदेशमा रहेका नेपालीको सहयोगमा आश्रम सञ्चालन भएको छ । आश्रम दाता र सरकारी सहयोगबाट चल्दै आएको हो । आश्रमले उद्दार, उपचार, पालनपोषण र पारिवारिक पुनर्मिलनमा ध्यान दिंदै आएको आश्रमका कोषाध्यक्ष तिमल्सिनाले बताए ।

# मकवानपुरमा महिला सुधारगृह




साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ मकवानपुरमा महिला सुधारगृह संचालनमा आएको छ । पछिल्लो समय लागूऔषध प्रयोगकर्ता महिलाको संख्या बढेसँगै हेटौंडा उपमहानगर पालिका-९, लामसुरेहाइटमा महिला लागूऔषध तथा मादकपदार्थ पुनस्थापना गृह संचालनमा ल्याइएको हो ।

मकवानपुरमा पछिल्लो समय महिला पनि लागूऔषधको कुलतमा फसेर नियन्त्रण बाहिर गएपछि पुनर्स्थापना गृह संचालनमा ल्याएको महिला पुनर्स्थापना केन्द्र संचालनमा ल्याएको केन्द्रका संयोजक तान्या अग्रवालले जानकारी दिइन् । लागूऔषध प्रयोगकर्ता पुरुष र महिलाको संख्या उत्तिकै भएपनि जिल्लामा पुरुषको लागि मात्रै सुधारगृह संचालनमा रहेको थियो । महिला सुधारगृह नहुँदा अन्यत्र लैजानुपर्ने अवस्थालाई मध्यनजर गर्दै आफूले १५ जना क्षमताको महिला सुधारगृह संचालनमा ल्याएको बताइन् ।

'मकवानपुरमा यस विषयमा महिला विज्ञता कम रहेको र चुनौती पनि रहेको अवस्थामा हामीले युवतीको सकारात्मक जीवनका लागि अवसर सिर्जना गर्ने उद्देश्य राखेका छौं,' अग्रवालले भनिन् । उनका अनुसार, हाल महिला पुनर्स्थापना केन्द्रमा २ जना पूर्वलागूऔषध प्रयोगकर्ता छन् । हेरचाहका लागि महिलालाई महिला नै आवश्यक पर्ने भएकाले २ महिला परामर्शदाता, १ महिला चिकित्सकको व्यवस्था गरिएको छ ।

सरकारी मापदण्डअनुरुप केन्द्र व्यवस्थापन र संचालन प्रमुख प्राथमिकता रहेको र त्यसअनुरुप व्यवस्थापन र विभिन्न निकायसँग समन्वय गरिरहेका उनको भनाई छ । उनले भनिन्, 'विशेषत: मनोपरामर्श, हेरचाह, योग, ध्यान, आध्यत्मिक जागरण, खेलकुद, परिवारको महत्व र सामाजिकीकरणयुक्त बनाउन हाम्रा दैनिक कक्षाहरु व्यवस्था गरिएको छ ।' निकट भविष्यमा यसलाई थप व्यवस्थित गर्दै उपचारको पहुँच र चेतना वृद्धि गर्दै अघि बढ्ने योजना रहेको उनले बताइन् ।

# भेट्रान्स फुटबलमा फ्रिडम फाइटर र अभिषेक चर्च विजयी

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/रोटरी क्लव अफ मकवानपुरको आयोजनामा हेटौंडामा जारी तेस्रो रोटरी मकवानपुर पिप्ले-क्याम्पा राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगितामा फ्रिडम फाइटर्स भेट्रान्स काठमाडौं र सिमरा भेट्रान्स बारा क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

बुधबार युनिटी भेट्रान्स वीरगञ्जसँग ५-१ को जित निकाल्दै फ्रिडम फाइटर्स क्वाटरफाइनलमा प्रवेश गरेको हो । फ्रिडमका निलेन्द्र देवानले ४ गोल र विकर्ण श्रेष्ठले एक गोल गरेका हुन् । देवानले २९, पहिलो हाफको अन्तिम मिनेट, ३७ र दोस्रो हाफको अन्तिम मिनेट गरी ४ गोल गरेका हुन् । युनिटीका लागि ५० औं मिनेटमा कोमलकुमार खवासले एक गोल फर्काए पनि टिमलाई हारबाट जोगाउन सकेनन् ।

खेलको म्यान अफ द म्याच फ्रिडमका निलेन्द्र देवान घोषित भए । दोस्रो खेलमा अभिषेक चर्च भेट्रान्सलाई टाइब्रेकरमा स्तब्ध बनाउँदै सिमरा भेट्रान्स क्वाटर फाइनल प्रवेश गरेको छ । निर्धारित समय एक/एक गोलको बराबरी भएपछि टाइब्रेकरमार्फत निर्णय लिइएको हो । खेलमा पूर्णबहादुर रानाको गोलमार्फत अभिषेक चर्चले अग्रता लिएको थियो । सिमराका शेखर चौधरीले खेललाई बराबरीमा ल्याए ।

टाइब्रेकरमा सिमराका लालबहादुर गुरुङ, दीपेन्द्र चौधरी, राजु तिमल्सेना र शिवकुमार चौधरीको प्रहार गोलमा परिणत हुँदा अभिषेक चर्चका पूर्णबहादुर राना र टीकाबहादुर बिकले मात्रै गोल गरे । सुकलाल तामाङको प्रहार बाहिरिँदा बीरेन्द्र बस्नेतको प्रहारलाई सिमराका गोलरक्षक छोटेलाल राउतले रोके । गोलरक्षक राउत नै खेलको म्यान अफ द म्याच भए ।

# मकवानपुरका जनप्रतिनिधिको भेला गर्दै कांग्रेस

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/नेपाली कांग्रेसको स्थानीय तह समन्वय केन्द्रीय विभागले पार्टीबाट निर्वाचित जनप्रतिनिधिको भेला गर्ने भएको छ । विभागले स्थानीय तहका जनप्रतिनिधि र उम्मेदवारसँग अन्तरसंवाद गर्ने कार्यक्रम मकवानपुरबाट सुरु गर्ने भएको हो ।



विभागको आयोजनामा मकवानपुरमा नेपाली कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिको भेला आगामी भदौ ३० गतेलाई तय गरिएको जिल्ला पार्टीले बुधबार पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिएको छ । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माको प्रमुख उपस्थितिमा हुने भेलामा स्थानीय तहमा निर्वाचित भएको साढे २ वर्षमा गरेका कामहरु, चुनौती, घोषणापत्रको कार्यान्वयनको अवस्थाको बारेमा जनप्रतिनिधिबीच अन्तरक्रिया गरिने नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले जानकारी दिए ।

भेलामा स्थानीय तहका जनप्रतिनिधि र प्रदेश र केन्द्रसँगको समन्वय, जनप्रतिनिधि र पार्टीबीचको समन्वयको विषयमा पनि बहस हुने लामाले बताए । जनप्रतिनिधिबीच हुने गरेको बेमेलको विषयमा पनि भेलामा छलफल गरी आगामी योजना बनाइने बताइएको छ । संविधान संशोधनमा उल्लेख गर्नुपर्ने विषयको बारेमा पनि विभागले स्थानीय तहका जनप्रतिनिधिबाट सुझाव लिने कांग्रेसले जनाएको छ । मकवानपुरबाट सुरु हुने भेला देशभर हुने जनाइएको छ ।

२०७९ को निर्वाचनमा नेपाली कांग्रेसबाट मकवानपुरमा ५ वटा स्थानीय तहमा प्रमुख, ४ वटामा उपप्रमुख र ४४ जना वडाध्यक्षमा निर्वाचित भएका छन् । त्यस्तै १ सय ४७ जना सदस्य छन् भने जिल्ला समन्वय समितिमा ५ जना र गाउँ/नगर कार्यपालिकामा २० जनाले प्रतिनिधित्व गरिरहेका छन् । निर्वाचित जनप्रतिनिधिका साथै भेलामा निर्वाचनमा भाग लिएका उम्मेदवारसमेत सहभागी हुने पार्टी सभापति लामाले बताए ।

# खेतको आलिबाट लडेर मकवानपुरका रुम्बाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २६ भदौ/ मकवानपुरमा खेतको आलिबाट लडेर एकजनाको मृत्यु भएको छ । मकवानपुरगढी गाउँपालिका-६, समरपुरमा बुधबार बिहान खेतको आलिबाट लडेर एकजनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा स्थानीय १७ वर्षीय किशोर सिरबहादुर रुम्बा र हेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । प्रहरी नायवउपरीक्षक भण्डारीका अनुसार, बिहान साढे ८ बजेको समयमा बेसी घरबाट डाँडामा र हेको अर्को घरमा जाने क्रममा खेतको आलिबाट लड्दा उनको घटनास्थलमै मृत्यु भएको हो ।

मृतक रुम्बाको शव हेटौंडा अस्पतालमा पोस्मार्टम पश्चात् आफन्तको जिम्मा लगाएको प्रहरी नायवउपरीक्षक भण्डारीले बताए । घटनाको बारेमा आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनूस्

छानीछानी सुमो किनेर

आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

Singhababini Moto Corp Pvt. Ltd.

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

## १८औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस संस्थाको स्वीकृत विनियम २०६३ को परिच्छेद ७ दफा ३० व्यवस्था भए अनुसार यस संस्थाको मिति ०८१/०४/१९ गते बसेको सञ्चालक समितिको वैठकको निर्णय अनुसार देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न यस संस्थाको १८ औं वार्षिक साधारण सभानिम्न मिति, समय र स्थानमा हुने भएकाले सम्पूर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभा हुने** :

मिति : २०८१/०५/२९ गते शनिवार

समय : बिहान ८:०० बजे

स्थान : रोयल पार्टिप्यालेस, हेटौंडा ४

**छलफलका प्रस्तावहरू** :

१. साधारण सभाको वैधानिकता सम्बन्धमा ।
२. निर्णय प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
३. अध्यक्षको भनाई सहितको प्रतिवेदन सम्बन्धमा ।
४. वार्षिक प्रगति तथा नीति कार्यक्रम सहितको सचिवको प्रतिवेदन सम्बन्धमा ।
५. आर्थिक प्रतिवेदन तथा वार्षिक अनुमानित बजेट सहितको कोषध्यक्षको प्रतिवेदन सम्बन्धमा।
६. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
७. आ.व.०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
८. आर्थिक वर्ष ०८१/०८२ को साधारण सभा पुर्वको पेश्की बजेट खर्च अनुमोदन सम्बन्धमा ।
९. आगामी आ.व. ०८२/०८३ को साधारण सभा पुर्वको पेश्की बजेट सम्बन्धमा ।
१०. लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
११. शेयर लाभांश एवं संरक्षित पूंजी फिर्ता कोष वितरण सम्बन्धमा ।
१२. संस्था सञ्चालन आन्तरिक कार्यविधि पारित गर्ने सम्बन्धमा ।
१३. समितिको सेवा सुविधा निर्धारण सम्बन्धमा ।
१४. प्रतिनीधि चयन अख्तियारी सम्बन्धमा ।
१५. सहकारी एकीकरण सम्बन्धमा ।
१६. विविध ।

सिताराम दाहाल
(सचिव)

**हातेमालो बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, संगमचोक, मकवानपुर
सम्पर्क नं. ०५७-५२६५२१, ०५७-५९१५२१

DFSK EC 36

" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "



हाम्रो ई.भी. सेवा

हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो

काठमाण्डौं काउन्टर:-०१-५४०४४४५,९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८

सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी

मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०

पुरानो मकवानपुररोड

सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना